पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा

(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :- २०८०/८१/कार्यक्रम
चलानी नं. :- ९१०
प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति २०८०/०६/०७

विषयः प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०८० सम्बन्धमा ।

श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश, विराटनगर, मोरङ।
श्री उद्योग, पर्यटन तथा वन तथा मन्त्रालय मधेश प्रदेश, मधेश भवन, जनकपुरधाम, धनुषा।
श्री वन तथा वातावरण मन्त्रालय वागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री उद्योग, पर्यटन तथा वन तथा मन्त्रालय गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेश सरकार राप्ती उपत्यका (देउखुरी), दाङ्ग ।
श्री उद्योग, पर्यटन तथा वन तथा मन्त्रालय कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलाली

उपरोक्त विषयमा चालु आ.व. २०८०/८१ को स्वीकृत बजेट कार्यक्रम अन्तर्गत नेपाल सरकार स्रोत तर्फको संघीय सशर्त कार्यक्रमको रुपमा विभिन्न बजेट उपशीर्षकहरुमा तहाँ प्रदेशहरुको लागि विनियोजन भएको बजेट/कार्यक्रम कार्यान्वयनको लागि विनियोजन ऐन, २०८० को दफा ९(२) र नेपाल सरकार (अर्थ मन्त्रालय)बाट मिति २०८०/०४/०१ मा जारी भएको आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुद्धा नं. २२ बमोजिम तयार गरिएको **"प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि-२०८०"** सन्दर्भमा अर्थ मन्त्रालयको प.सं. २०८०/८१/बजेट, च.नं. ११८-३२९-०३-०५ सहमति, मिति २०८०/०५/२४ को पत्रबाट सहमति प्राप्त भई वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०८०/०५/३१ को निर्णय बमोजिम स्वीकृत भएको हुदाँ आवश्यक कार्यान्वयको लागि अनुरोध छ । साथै उक्त स्वीकृत कार्यविधि यस मन्त्रालयको वेवसाईटमा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध छ ।

२०८०/०६/०७

रविन कुमार ग्यालन
(भू-संरक्षण अधिकृत)

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(आर्थिक वर्ष २०८०/८१)

# प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०८०

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषयसूची


प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने शसर्त अनुदानका कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१०००११-७, सबै प्रदेशको लागि)........ २

१. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम........ १

१.१ वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम........ २

१.२ वन संवर्द्धन प्रणालिमा आधारित दिगो वन व्यवस्थापन मार्फत काठ दाउरा उत्पादन कार्यक्रम ........ ३

१.२.२. सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन........ ४

१.२.३ सामुदायिक बनमा दिगो बन व्यवस्थापन कार्यक्रम ........ ४

१.३ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन........ 7

१.४ वहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित) ........ ९

१.५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, तिनजुरे मिल्के, धनुषाधाम, फुलचौकी, वरण्डाभार, पन्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, कम्दी, जल्जला, गौमुखा, खाता, कान्केविहार, लिमी उपत्यका, लालझाडी- मोहना, वसन्ता)........ ११

१.६ नदी उकास जग्गा वृक्षारोपण/ वन पुनर्स्थापना कार्यक्रम........ १२

१.७ मानव वन्यजन्तु द्वन्द न्यूनीकरण........ १२

१.८ ताल पोखरी सरक्षण तथा व्यवस्थापन (पातालगंगा सिमसार संरक्षण, व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन कोल्हवी न.पा. बारा) तथा व्यवस्थापन, वारा)........ १३

१.९ महिलाको सीप अभिवृद्धिका लागि वनजन्य वस्तुमा आधारित हस्तकला निर्माण तालिम........ १४

१.१० काठमाडौं उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन ........ १४

१.११ वन्यजन्तु उद्दार औजार तथा समाग्री सहित वन्यजन्तु उद्दार केन्द्र, काठमाडौं सञ्चालन........ १५

१.१२ सालक संरक्षण, अनुसन्धान तथा वासस्थान व्यवस्थापन कार्यक्रम मकवानपुर ........ १६

१.१३ कृषि वन कार्यक्रम ........ १६

१.१४ कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रमः ........ १८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

१.१५ झापा, सुनसरी, ससरी, मोरङ, उदयपुरमा मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटनरी डाक्टर सहितको स.व.र. टोलि परिचालन तथा व्यवस्थापन कार्यक्रम१९

**२. जडीवुटी विकास कार्यक्रम** ....... २०

२.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन ....... २०

२.२ जडीबुटी बिरुवा उत्पादन तथ खेती विस्तार (टिमुर खेति विस्तार तथा प्रवर्द्धन, जाजरकोट समेत) २१

२.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार ....... २२

२.५ चिउरी-चमेरो-चेपाङ्ग संरक्षण, प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रम ....... २४

२.६ दाँते ओखर वृक्षारोपण तथा व्यवस्थापन कार्यक्रम ....... २५

२.७ टिमुर खेती विस्तार तथा प्रवर्द्धन, जाजरकोट ....... २५

२.८ अगरउड खेती डेमो प्लट तथा वृक्षारोपण ....... २६

**३. जलाधार व्यवस्थापन कार्यक्रम** ....... २७

३.१ ताल तलैया, रनअफ हार्भेष्टिङ ड्याम निर्माण ....... 27

३.२. गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण ....... 28

**४. शहरी हरित पार्क / वातावरण मैत्री पार्क निर्माण (वातावरण विभाग)** ....... २९

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने शसर्त अनुदानका कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१००० ११ - ७, सबै प्रदेशको लागि)

संघीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट सशर्त अनुदान मार्फत सञ्चालनहुने कार्यक्रम सञ्चालनको लागि सरलता, सहजता र एकरुपता प्रदान गर्न यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

क. प्रदेश सरकारबाट सञ्चालन हुने संघीय सरकारको सशर्त अनुदानका कार्यक्रमहरु प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालय तथा मातहतका निकायहरु मार्फत कार्यान्वयन गरिनेछ ।

ख. प्रदेश मन्त्रालय अन्तरगतका विभिन्न कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको बजेट प्रदेश मन्त्रालयले विनियोजन (बाँडफाँट) गरे बमोजिम हुनेछ ।

ग. यस कार्यविधि अनुसार सञ्चालन हुने सशर्त अनुदानका कार्यक्रम विनियोजित बजेटको सीमा वा परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयनका लागि थप आर्थिक दायित्व सिर्जना गर्न पाइने छैन ।

घ. कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनको व्यवस्था वन तथा वातावरण मन्त्रालय र प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालयले मिलाउने छ ।

ङ. सशर्त अनुदान वित्तीय हस्तान्तरणको माध्यम मात्र नभई सरकारको सशक्त नीति उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरी ससाना टुक्रे कार्यक्रम तथा आयोजना मार्फत कार्यान्वयन नगरी तीनै तहका सरकारहरु बिचको समन्वय तथा सहकार्य तथा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. कामको प्रकृति र स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ ।

## १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

नेपालको वन क्षेत्रको दिगो ढंगबाट संरक्षण, विकास र व्यवस्थापन गर्दै काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन बढाएर स्थानीय र राष्ट्रिय आवश्यकता परिपूर्ति एवं विदेश निकासी गरी स्थानीय

तथा राष्ट्रिय आय बढाउन सकिन्छ । वन संरक्षण र व्यवस्थापनमा जनसहभागिता अभिवृद्धि गरी संरक्षण र विकासलाई प्रभावकारी बनाउनुका साथै यसबाट स्थानीय जनतालाई रोजगारीको अवसरहरु सृजना गरी जीविकोपार्जनमा सुधारमा योगदान पुर्याउन सकिन्छ । यिनै सम्भावनाहरु लाई मध्यनजर गरी वन तथा वातावरण मन्त्रालयबाट संचालित विभिन्न कार्यक्रमहरुबाट वनको संरक्षण तथा विकासमा उल्लेखनीय प्रगति हासिल हुँदै आएको छ ।

राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत मुख्यरुपमा वन तथा जैविक विविधताको संरक्षण, वन संरक्षण, सम्वर्धन तथा व्यवस्थापन र वन पैदावारको सदुपयोग तथा आपूर्तिका कार्यक्रमहरु पर्दछन् । जडीबुटी कार्यक्रम लागू नभएका जिल्लाहरुमा जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावारको संरक्षण तथा व्यवस्थापन समेत यसै कार्यक्रमबाट हुँदै आइरहेको छ । यसै कार्यक्रम अन्तरगत सबै डिभिजनहरुमा वन कार्ययोजना तयारी तथा अध्यावधिक गरी सोही अनुसारका क्रियाकलाप सञ्चालन गर्दै आएको छ । अतः यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरू सञ्चालन हुनेछन् ।

### १.१ वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम

यस कार्यक्रमबाट अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरु तथा घर टहरा हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । विभिन्न जिल्लाबाट विभागमा प्राप्त अतिक्रमणको तथ्याङ्कको आधारमा क्षमता र श्रोत साधनको व्यवस्थापनलाई सशक्तीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागितामूलक ढङ्गले बृक्षरोपण, संरक्षण तथा वन विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण गर्ने, आवश्यकतानुसार रोपिएका बिरुवाहरुको संरक्षणका लागि हेरालुको व्यवस्था समेतका काममा खर्च गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, इन्धन खर्च, सञ्चार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्सा,

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

तुलनात्मक फोटो, GIS नक्शा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउँदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिई कार्यान्वयन योजना तयार गर्नुपर्नेछ:

(१) पूर्व तयारी कार्यक्रम: लगत अद्यावधिक तथा योजना तयार, कार्यदलको बैठक सञ्चालन, जनचेतनामूलक सन्देश प्रसारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि ।

(२) अतिक्रमण नियन्त्रण: समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि ।

(३) जनशक्ति परिचालन: सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि

(४) पुर्नस्थापना: योजना तयारी, बिरुवाको व्यवस्था तथा वृक्षारोपण, तारबार, सिमाना, हेरालु व्यवस्था आदि ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, सुरक्षाकर्मी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरु, स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- अतिक्रमित वन क्षेत्रको हैसियतमा सुधार भई वृक्षारोपण सहित उचित व्यवस्थापन हुने ।

## १.२ वन संवर्द्धन प्रणालिमा आधारित दिगो वन व्यवस्थापन मार्फत काठ दाउरा उत्पादन कार्यक्रम

### १.२.१ साझेदारी वन व्यवस्थापन (दिगो वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन)

स्वीकृत बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम समितिको बैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गर्नुपर्नेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन कार्यालयमा नियमित रुपमा पेस गर्नु पर्ने छ । कार्यक्रम कार्यान्वयन समूहबाट, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरु ।
- कार्यक्रमको प्रकृति अनुसार यो कार्य सेवा खरिद गरी पनि सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- साझेदारी वनको व्यवस्थापन भई काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

### १.२.२. सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वनहरुमा वन व्यवस्थापनको स्वीकृत कार्ययोजना तथा प्रचलित नर्मस् बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको आधारमा विनियोजित बजेटको सीमा भित्र रही विस्तृत कार्यक्रम तयार गरी एक तह माथिबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ । वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समय सीमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ । वनमा कार्यान्वयन गरिएका योजना कार्यक्रम, बजेट, नक्सा सबै खुल्ने गरी साइनबोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ । यसका सम्पूर्ण वा आंशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारीबाट कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- कामको प्रकृति अनुसार सेवा खरिद समेत गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

अपेक्षित उपलब्धि

- सरकारद्वारा व्यवस्थित (चक्ला वन समेत) व्यवस्थापन भई काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

### १.२.३ सामुदायिक बनमा दिगो बन व्यवस्थापन कार्यक्रम

हाल २२,००० हजार भन्दा बढि सामुदायिक वन उपभोक्ता समूह मार्फत २२,३७,६७० हेक्टर वनक्षेत्र व्यवस्थापन भईरहेकोछ । जसबाट २९,०७,८७१ घरधुरी लाभान्वित भई स्थानीय रोजगारीमा योगदान पुर्याईरहेको छ । विगतमा विभिन्न दातृ संस्थाहरुको सहयोगमा

सञ्चालन भएको सामुदायिक वन कार्यक्रम अहिले नेपाल सरकारको आन्तरिक श्रोतबाट संचालित छ ।

यस कार्यक्रम अन्तर्गत सामुदायिक वन समूह गठन, कार्ययोजना तयारी तथा वन हस्तान्तरण, तथा कार्ययोजना पुनरावलोकन, दिगो वन व्यवस्थापनका लागि वन व्यवस्थापनको स्थलगत अभ्यास, क्षमता तथा सिप विकास, कार्ययोजना कार्यान्वयन (वन व्यवस्थापन, पुनरुत्पादन व्यवस्थापन आदि), तथ्यांक संकलन तथा अध्यावधिक जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

### क. सामुदायिक वन क्षेत्र छनौट

उपलब्ध भए सम्म १०० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलका सामुदायिक वनहरु दिगो ब्यवस्थापनको लागि छनौट गर्नु पर्दछ ।

### ख. दिगो वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृती

१) यो कार्यक्रमबाट दिगो वन ब्यवस्थापनको लागि छनौटमा परेका सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई वन व्यवस्थापन सम्बन्धमा आधारभूत तालिम दिन सकिनेछ । यस्तो तालिम अधिकांश फिल्डमा गएर वन क्षेत्रमा नै सञ्चालन गर्नु पर्नेछ ।

२. दिगो वन व्यवस्थापन कार्ययोजना तयारी कार्यमा प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ । तर डिभिजन वन कार्यालय को जनशक्तिले नभ्याउने अवस्थामा परामर्श सेवाबाट कार्ययोजनाहरु तयारी तथा परिमार्जन गर्न सकिनेछ ।

३. सेवा प्रदायकबाट कार्ययोजनाहरु तयार वा परिमार्जन गर्नुपर्ने भएमा निम्न प्रक्रिया पुरा गरी गर्नु पर्नेछ ।

क) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्ने प्राविधिकहरु भएको सम्भाब्य सेवा प्रदायकहरुको सूचि डिभिजन वन कार्यालयले तयार गर्नु पर्नेछ ।

ख) समूहले कार्ययोजना तयार गर्नको लागि डिभिजन वन कार्यालयमा सूचिकृत भएका सेवा प्रदायकबाट प्रस्ताव आव्हान गरी कम्तिमा डिभिजन वन कार्यालय, सम्वन्धित सबडिभिजन वन कार्यालय र समूहमा तीस दिने सूचना टाँस गर्नु पर्नेछ ।

ग) प्रस्तावकले प्रस्ताव पेस गर्दा वन कार्ययोजना तयार गर्ने कार्यमा संलग्न हुने वन प्राविधिकको बायोडाटा अनिवार्य रुपमा समावेश भएको हुन पर्ने छ र प्रस्तावमा बायोडाटा समावेश भएको प्राविधिकले नै काम गर्नु पर्ने छ । कार्ययोजना तयार गर्ने वा परिमार्जन गर्ने वन प्राविधक (टोली नेता) कम्तीमा वन विज्ञानमा स्नातक गरी संवन्धित विषयमा ३ बर्षको अनुभव भएको हुनु पर्नेछ ।

घ) परेका प्रस्तावहरुको समूहले डिभिजन/सबडिभिजन वन कार्यालयका वन प्राविधिकको सहयोगमा प्राविधिक र आर्थिक पक्षको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ । प्राविधिक पक्षको भार ७० प्रतिशत र आर्थिक पक्षको भार ३० प्रतिशत राखी मूल्याँकन गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्दछ सोही सेवा प्रदायकलाई छनौट गरी काम सुरु गर्न सहमतिको लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

ङ) डिभिजन वन कार्यालयले कार्ययोजँना तयारी वा परिमार्जन गर्ने कार्यको लागत अनुमान तयार गरी सो कार्य बाफतको रकम सम्वन्धित समुहको वैकं खातामा जम्मा गर्न सक्नेछ । लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स र जिल्ला दररेटलाई आधार लिनुपर्नेछ । स्वीकृत लागत अनुमानभन्दा डिभिजन वन कार्यालयले उपलव्ध गराएको रकम कम वा अपुग हुने भएमा समूहले आफनो कोषको रकम समेत खर्च गरी कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न सक्नेछ ।

च) समूहले माथि उल्लेखित प्रक्रिया पुरा गरी छनौट भएको सेवा प्रदायकसँग लागत र समय तोकी सम्झौता गरी कार्ययोजना तयारी गर्नु पर्नेछ । सँझौता बमोजिम समयमै काम सम्पन्न नगर्ने सेवा प्रदायकलाई सम्वन्धित समूहको सिफारिसमा डिभिजन वन कार्यालयले कालोसूचिमा राख्ने लागायत कारवाही गर्न सक्नेछ । सव डिभिजन वन कार्यालयले सो को अनुगमन तथा पृष्ठपोषण गर्नेछ ।

छ) उपरोक्त अनुसार तयार भएको वा परिमार्जन भएको कार्ययोजना स्विकृति पूर्व रिभ्युको लागि डिभिजनल वन अधिकृतले ३ सदस्यीय टिम गठन गर्नु पर्नेछ, उक्त टिमले रिभ्यु समीक्षा, पुनरावलोकन गरी आवश्यक परे बिशेषज्ञको समेत सेवा लिई कार्ययोजनामा आवश्यक सुधार गरी स्विकृतिको लागि सिफारिस गर्नु पर्नेछ । टिमकोलागि आवश्यक वैठक, खाजा, मसलन्द तथा विशेषज्ञको पारिश्रमिक आदि यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ ।

ज) डिभिजनल वन अधिकृतले गठन गरेको टोलिको रिभ्यु पश्चात उपभोक्ताको साधारण सभाबाट पारित गरी कार्ययोजना स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

## ग. कार्ययोजनाको कार्यान्वयन

स्वीकृत कार्ययोजना बमोजिमका वन व्यवस्थापनका क्रियाकलापहरु गर्न शुरुमा एक पटकको लागि मात्र समूहलाई अनुदान दिन सकिनेछ ।

## घ. जनशक्ति व्यवस्थापन

- सामुदायिक वनको कार्ययोजना कार्यान्वयन समूहबाट गर्नुपर्नेछ ।
- प्रदेशस्तरका डिभिजन तथा सबडिभिजन कार्यालयका कर्मचारीहरुद्वारा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- काठ दाउरा संकलनको काम सेवा प्रदायकबाट गर्न सकिनेछ ।

## ङ. बजेट व्यवस्थापन

- विनियोजित बजेटको बढीमा ४ प्रतिशत रकम कार्यक्रम सचालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

## च. अपेक्षित उपलब्धि

- सामुदायिक वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन, दिगो व्यवस्थापन हुने ।

## १.३ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन

सुख्खा याम अर्थात फाल्गुण– चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डंढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डंढेलो प्रकोप देखापर्ने गरेको छ । वन डंढेलोको नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एक मुख्य एउटा आधार हुनेछ ।

आवश्यकतानुसार नजिकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढ्लो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ । वन डढेलो सम्वन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ ।

तालिका नं. १: डढेलो नियन्त्रणका सामग्रीहरु

| सि.नं. | सामानको नाम |
|---|---|
| १. | Swatter (स्वाटर) |
| २ | Jet Shooter (जेट सुटर) |
| ३ | Shovel (बेल्चा) |
| ४ | Rake (दाँती) |
| ५ | Rake-hoe (दाँती हलो) |
| ६ | Axe-hoe (बन्चरो) |
| ७ | First-aid Kit (प्राथमिक उपचार) |
| ८ | Jump-suit (जम्प शुट) |
| ९ | Gloves (बाक्लो पंजा) |
| १० | Helmet (हेल्मेट) |
| ११ | Boot (जुत्ता) |
| १२ | Torch (टर्च) |
| १३ | Socks (बाक्लो मोजा) |
| १४ | Water Bottle (पानीको बोत्तल) |
| १५ | Face Mask (अनुहार मास्क) |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| १६ | Water tank (पानी टैंक) |
| १७ | अन्य आवश्यक स्थानीय सामाग्री |

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

अपेक्षित उपलब्धि

- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन हुने ।
- वन डढेलो नियन्त्रण सम्बन्धी आवश्यक समाग्रीहरुको व्यवस्थापन हुने ।
- वन डढेलो नियन्त्रण सम्बन्धी प्रचार प्रसार हुने ।

१.४ वहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित)

जिल्लामा खाली रहेको वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत वहुवर्षीय बिरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको वन नर्सरी रेजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा बिरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।विनियोजत बजेटमा नर्सरी नाईकेको ज्याला समेत समावेश गरिएको छ।

यसमा विभिन्न साइजका पोलिपटमा विभिन्न साइजका बिरुवाहरु उत्पादन गर्न सकिनेछ । यो कार्यक्रम सुविधायुक्त निजी वन नर्सरीहरुबाट समेत सञ्चालन गर्न सकिनेछ । बिरुवा वितरण

गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

क. जिल्लामा कुन कुन प्रजातिका बिरुवाहरुको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकिन गर्नुपर्नेछ साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ ।

ख. कार्यदिशामा कुन कुन प्रजातिका बिरुवा उत्पादन गर्नुपर्नेहो स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

ग. गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ । उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नुपर्नेछ ।

घ. यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्धारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।

ङ. बिरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने ईन्धन, खाजा खर्च र मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ । सो को लागि पहिला नै लगत इस्टिमेटमा खुलाउनुपर्नेछ ।

च. बिरुवा उत्पादन भई वितरण गर्दा वितरण लगत राखिनुपर्नेछ । बिरुवा वितरण गरिएको बिस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित बिरुवाहरुको जात र संख्या
- वितरणको लगत: सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न
- विभिन्न क्रियाकलापहरुको फोटोहरू

जनशक्ति व्यवस्थापन

- बिरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिने छ ।

अपेक्षित उपलब्धि

- लक्षित कार्यक्रम अनुसारको विरूवा उत्पादन भई वितरण हुनेछन् ।

**१.५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, तिनजुरे मिल्के, धनुषाधाम, फुलचौकी, वरण्डाभार, पन्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, कम्दी, जल्जला, गौमुखा, खाता, कार्केविहार, लिमी उपत्यका, लालझाडी- मोहना, वसन्ता)**

विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, बटलनेक्सहरु, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि यो रकम खर्च गरिनेछ। यस कार्यक्रम अन्तर्गत प्रजाति संरक्षण, वासस्थान संरक्षण, मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धि मेसजाली लगायतका विविध कार्यक्रम, वन्यजन्तुको लागि पानी पोखरी निर्माण, घाँसे मैदान व्यवस्थापन, जैविक विविधता तथा जैविक मार्ग संरक्षण सम्बन्धि प्रचार प्रसारका कार्यहरु गर्न सकिने, हाल कार्यान्वयनमा रहेका TAL, CHAL लगायतका भू-भू-परिधिस्तरका रणनीति तथा कार्यक्रमसँग तालमेल हुने गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाउने, सम्बन्धित डिभिजन वन कार्यालयको पञ्चवर्षिय योजनाले समेटेका कार्यहरु र अन्य विकास साझेदारहरुको कार्यक्रमसँग नदोहोरिने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। साथै, प्रकृति सुहाउदो हुने गरी संरक्षण तथा विकास संरचना निर्माण गर्ने, प्रजाति संरक्षण कार्ययोजना अनुसारका कार्यक्रम सन्चालन गर्ने र स्थान तथा क्रियाकलाप तोकेको हकमा सोही अनुसार कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएर क्रियाकलापहरु सन्चालन गर्न सकिने छ।

जनशक्ति व्यवस्थापन

- प्रदेशस्तरको सम्बन्धित कार्यालयका कर्मचारीहरुको प्राबिधिक सहयोगमा कार्य सञ्चालन गर्न सकिनेछ र आवश्यकता अनुसार प्रदेशले जनशक्ति व्यवस्थापन समेत गर्न सक्नेछ ।

अपेक्षित उपलब्धि

- विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुनेछ।

## १.६ नदी उकास जग्गा वृक्षारोपण/ वन पुनर्स्थापना कार्यक्रम

देशका विभिन्न भागमा विशेष गरी तराई, चुरे र भित्री मधेशमा ठूलो क्षेत्रफलमा नदी उकास तथा खाली क्षेत्र रहेको छ। सो क्षेत्रहरुमा वृक्षारोपण गर्न सकेमा सो खाली जग्गाको सदुपयोग मात्र नभएर वातावरण सरक्षण, जैविक विविधता संरक्षण पुग्नुका साथै राष्ट्रिय वनमा वन पैदावारको चाप समेत कम गराउन सकिन्छ । नदी उकास तथा खाली रहेको क्षेत्रमा वृक्षारोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत बिरुवा उत्पादन कार्ययोजना वनाई वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।वृक्षारोपणको कार्य गर्दा वहुवर्षीय बिरुवामात्र लगाउनु पर्दछ साथै उक्त बिरुवाको पर्याप्त सुरक्षा हुने गरी तारबार वा बारबेराको प्रबन्ध मिलाउनु पर्दछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । यो कार्यक्रमका लागि आवश्यक बिरुवा उपयुक्त खरिद प्रक्रिया अपनाई निजी वन नर्सरीहरु वा डिभिजन वन कार्यालयहरुको आफ्नै नर्सरीबाट समेत उपलब्ध गराउन सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- नदी उकास तथा खाली जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिने छ ।

अपेक्षित उपलब्धि

- लक्षित कार्यक्रम अनुसारको नदी उकास तथा खाली जग्गामा वृक्षारोपण हुनेछ ।
- स्थानीयस्तरमा वन पैदावारको आपूर्तिमा सहजता हुनेछ ।
- खाली पर्ति जमिनको उपयोग संगै हरियाली वृद्धि हुनेछ ।

## १.७ मानव वन्यजन्तु द्वन्द न्यूनीकरण

मानव वन्यजन्तु द्वन्द आकस्मिक रुपले घटने हुँदा यसलाई सम्बोधन गर्न सधैं तयारी आवश्थामा रहनु पर्ने हुन्छ । तसर्थ यस्ता आत्यवश्यक तथा मानव संवेदनासँग जोडिएको विषयमा बजेट विनियोजन हुनु पर्ने सत्यतालाई आत्मसाथ गर्दै यस कार्यक्रम तय गरिएको छ । वन्यजन्तुको संरक्षणमा प्राप्त सफलतासंगै देशका विभिन्न भागमा मानव र वन्यजन्तुविच

द्वन्द बढिरहेको अवस्था छ। खासगरी निकुन्ज, संरक्षण क्षेत्र तथा अन्य वनजंङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन । यसलाई न्यूनिकरण गर्दै मानव वन्यजन्तु सहअस्तित्व कायम गर्नको लागि यो कार्यक्रम सन्चालन गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट उद्दार कार्य गर्न, उद्दारसँग सम्बन्धित औषधि सामाग्रीमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, संरक्षण साझेदारहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

अपेक्षित उपलब्धि

- यस कार्यक्रमबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा टेवा पुग्ने छ ।

**१.८ ताल पोखरी सरक्षण तथा व्यवस्थापन (पातालगंगा सिमसार संरक्षण, व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन कोल्हवी न.पा. बारा) तथा व्यवस्थापन, बारा )**

देशका विभिन्न भागमा रहेका पोखरी तथा तालहरु सरक्षण गर्नु महत्वपूर्ण रहेको छ। यस कार्यबाट जैविक विविधता संरक्षण भई वातावरण सरक्षणमा ठूलो टेवा पुग्दछ । यसैगरी, ताल तथा पोखरीहरुलाई पर्यटकीय स्थलको रुपमा समेत विकास गर्न सकिन्छ । यसबाट पर्यापर्यटन प्रवर्द्धन भई आर्थिक विकासमा समेत टेवा पुग्नेछ । यसको लागि डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत कार्ययोजना बनाई कार्यान्वयनको मोडालिटी तयार गरी आफै वा परामर्श सेवा मार्फत कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

जनशक्ति व्यवस्थापन

- ताल पोखरी सरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा परामर्शदाता मार्फत कार्यान्वयन गरिने छ ।

अपेक्षित उपलब्धि

- ताल पोखरी सरक्षण तथा व्यवस्थापन भई जैविक विविधता संरक्षण भई पर्यापर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्नेछ ।

## १.९ महिलाको सीप अभिवृद्धिका लागि वनजन्य वस्तुमा आधारित हस्तकला निर्माण तालिम

वनमा आश्रित स्थानीय उपभोक्ताहरुलाई वन संरक्षणका साथै उपलब्ध वन पैदावारहरुलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्दै उद्यम विकास गर्ने प्रयोगजनका लागि यस कार्यक्रम तय गरिएको छ । वनको संरक्षण, सदुपयोग तथा व्यवस्थापनमा महिलाको भूमिकालाई थप सशक्तीकरण तथा उत्प्रेरित बनाउनका लागि यस कार्यक्रम कार्यान्वयमा वनको संरक्षण तथा व्यवस्थापनमा संलग्न महिलाहरुलाई सहभागिता गराइनेछ ।स्थानीय उपभोक्ताहरु माग र आवश्यकता, स्थानीय स्तरमा उपलब्ध हुने वनजन्य कच्चा पदार्थको पर्याप्तता, बजारको मागका आधारमा उपयुक्त तालिम छनौट गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको रकम तालिम सञ्चालनका लागि आवश्यक पर्ने तालिम सामाग्री, विज्ञ सेवा, दैनिक भत्ता, खाजा लगायतमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा आवश्यकता अनुसार परामर्शदाता मार्फत कार्यान्वयन गरिने छ ।

अपेक्षित उपलब्धि

- वन व्यवस्थापनमा संलग्न उपभोक्ताहरुको क्षमतामा अभिवृद्धि हुने ।
- स्थानीय स्तरको वनजन्य कच्चा पदार्थको मुल्य श्रृखंला वृद्धि हुने ।
- स्थानीय जीविकोपार्जनमा सकरात्मक टेवा पुर्याउने ।

## १.१० काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन

काठमाडौ उपत्यकामा बढ्दो शहरीकरण तथा अव्यवस्थित वसोवासले गर्दा सडक किनारा छेउछाउका क्षेत्रहरु तथा अन्य भागहरु व्यवस्थित हुन सकेका छैनन् । यसैगरी, विभिन्न भागमा रहेका जोखिमपूर्ण रुखहरुले समय समयमा ठूलो धनजनको क्षति गरिरहेका छन्। ती जोखिमपूर्ण रुखहरुको व्यवस्थापन गरी धनजनको क्षति हुनबाट जोगाउन यस कार्यक्रममा बजेट विनियोजन गरिएको छ । यसको लागि डिभिजन वन कार्यालय, काठमाडौले आवश्यक कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने छ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**जनशक्ति व्यवस्थापन**

- काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालय, काठमाडौ तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा परामर्शदाता मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- काठमाडौ उपत्यकाको जोखिमपूर्ण रुखको व्यवस्थापन भई धनजनको क्षति हुनबाट जोगाउन टेवा पुग्नेछ ।

**१.११ वन्यजन्तु उद्दार औजार तथा समाग्री सहित वन्यजन्तु उद्दार केन्द्र, काठमाडौं सञ्चालन**

नेपालमा हाल वन क्षेत्र बढिरहेको तथा वन्यजन्तुको वासस्थान व्यवस्थित हुन नसक्दा मानव र वन्यजन्तुविच द्वन्द बढिरहेको अवस्था छ। खासगरी निकुञ्ज, सरक्षण क्षेत्र तथा जङ्गल आसपासको क्षेत्रमा दैनिक जसो मानव वन्यजन्तु द्वन्दका घटनाहरु घटिरहेका छन। विभिन्न समयमा वन्यजन्तुहरु मानव वस्तीमा प्रवेश गरी जनधनको क्षति गरिरहेका छन। यसरी क्षति पुर्याईरहेका वन्यजन्तुहरुलाई सुरक्षित तरिकाले राख्नको लागि तथा घाईते तथा टुहुरा वन्यजन्तुको संरक्षणको लागि काठमाडौ जिल्लामा नमूनाको रुपमा यो कार्यक्रम सन्चालन गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट वन्यजन्तु उद्दार केन्द्र स्थापनामा खर्च गरिने छ । यसको लागि डिभिजन वन कार्यालय, काठमाडौले आवश्यक कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने छ।

**जनशक्ति व्यवस्थापन**

- वन्यजन्तु उद्दार केन्द्र स्थापना कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालय, काठमाडौ तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति तथा परामर्शदाता मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

- वन्यजन्तु उद्दार केन्द्र स्थापना भई वन्यजन्तुको संरक्षण हुनेछ साथै, धनजनको क्षति हुनबाट जोगाउन समेत टेवा पुग्नेछ ।

### १.१२ सालक संरक्षण, अनुसन्धान तथा वासस्थान व्यवस्थापन कार्यक्रम मकवानपुर

नेपालमा दुई प्रकारका सालक प्रजातिहरु पाईन्छन् । सालक मध्य पहाडी क्षेत्रको चुरे तथा महाभारत पर्वतको ओसिलो खोंचहरुमा पाईन्छन् । सालक विषेश गरी नेपालका मकवानपुर, काभ्रेपलाञ्चोक,गोर्खा, रामेछाप, संखुवासभा, सिन्धुली काठमाडौं लगायतका क्षेत्रहरुमा पाईन्छन्। सालकको खपटा, नङ्ग्रा तथा मासुका लागि शिकार हुने अध्ययनले औंल्याएको छ । बासस्थानमा भएको विनास तथा चोरी शिकारीले गर्दा प्रजातिहरु सङ्कटमा रहेका छन् । स्थानीय स्तरमा बासस्थानको संरक्षण गर्दै सहभागितामूलक तरिकाबाट यस प्रजातिको संरक्षण गर्ने उदेश्यले यस कार्यक्रम तय गरिएको छ । यस कार्यक्रममा विनियोजित बजेट सालक संरक्षणका लागि आवश्यक वासस्थान सुधार, संरक्षण सम्बन्धी प्रचार प्रसार तथा स्थानीय स्तरको अन्तर्क्रिया लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालय, मकवानपुर तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

मकवानपुर जिल्लमा सालक संरक्षणमा टेवा पुग्ने

### १.१३ कृषि वन कार्यक्रम

कृषि, पशुपालन र वनका क्रियाकलापहरुलाई भूमिको एउटै इकाइमा एकीकृत रुपले अभ्यास गर्ने प्रणाली नै कृषि वन प्रणाली हो। नेपालको अर्थतन्त्रमा कृषि, पशुपालन र वन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ । खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र तथा अन्य सीमान्तकृत भूमिको उपयोग गर्नुका साथै कृषि, पशुपालन र वन विकासका कार्यहरुलाई एकीकृत रुपमा कृषि वन प्रणाली मार्फत सञ्चालन गर्दा प्रति इकाइ जमिनको उत्पादकत्वमा वृद्धि भई खाद्य सुरक्षा, रोजगारी, जीविकोपार्जनका अवसरहरुको सिर्जना, जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावहरुको न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुग्ने प्रचुर सम्भावना छ । नेपालमा कृषि-वनको विभिन्न रुपमा संयुक्त अभ्यास गर्ने प्रणाली परम्परागत रुपमा हुँदै आएको छ । राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृषि वन नीति, २०७६, वन क्षेत्रको रणनीति २०१६-२०२५ जस्ता क्षेत्रगत नीति हरुले कृषि वनलाई विशेष प्राथमिकता दिई यस प्रणालीको अवलम्बन गर्न मार्गदर्शन गरेको छ । नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम मार्फत जमिनको बहुउपयोग, आयआर्जन तथा जीविकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरी कृषि वनको विस्तार गरिने साथै सबै प्रदेशमा कम्तिमा एक नमूना कृषि वन विकास कार्यक्रम कार्यान्वियन गरिने कुरामा जोड दिदै नमुना कृषि वन कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको थियो । आ.व. ०८०/८१ मा समेत सम्भाव्य बनक्षेत्रमा कृषि तथा फलफूल उत्पादनको प्रवर्द्धन गर्न एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ। कृषि, पशुपन्छी तथा वनक्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न बाँझो जमिन तथा नदी उकास जग्गाको समेत उचित उपयोग हुने खालका कृषि-वन कार्यक्रमहरू सञ्चालन गरिनेछ भनि कृषि वन कार्यक्रमलाई प्राथमिकताकासाथ उल्लेख गरेको छ । उपरोक्त पृष्ठभूमीमा यस शिर्षकमा विनियोजित बजेट खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र, हैसियत विग्रिएका र अन्य सीमान्तकृत भूमि तथा नदी उकास जग्गाको समेत उचित प्रयोग हुने खालका कृषि वनका कार्यक्रमहरु संचालन गर्न र कृषि तथा फलफूल उत्पादनको प्रवर्द्धन गर्ने कार्यक्रमको लागि खर्च गर्नु पर्नेछ । यस शिर्षक अन्तरगतका क्रियाकलाप/कार्यक्रमहरुको पहिचान वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७७/०५/०२ को निर्णयले स्वीकृत नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ ले औल्याएको दायरा भित्र रहि गर्नु पर्नेछ ।

## जनशक्ति व्यवस्थापन

- यस कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, सामुदायिक वन उपभोक्ता समिति, कबुलियती वन उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छ साथै निजी वन धनि, कृषि वन विकासमा ईच्छुक कृषक, समुहहरुको समेत परिचालन गरिनेछ ।

## अपेक्षित उपलब्धि

- खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र, हैसियत बिग्रिएका र अन्य सीमान्तकृत भूमि तथा नदी उकास जग्गाको समेत उचित प्रयोग हुने ।
- जमिनको उत्पादकत्वमा वृद्धि भई खाद्य सुरक्षा, रोजगारी, जीविकोपार्जनका अवसरहरुको सिर्जना हुने ।
- वन माथिको निर्भरता कमी आई जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावहरुको न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुग्ने ।

## १.१४ कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रमः

कवुलियती वन विकास कार्यक्रम वनको विकास तथा व्यवस्थापन मार्फत गरिवीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुर्याउने उदेश्यले सुरुवात गरिएको सहभागितमूलक वन व्यवस्थापन प्रणालि हो । हाल करिव ७००० को संख्यामा कवुलियती वन उपभोक्ता समुहहरुले वनको व्यवस्थापन गर्दै आएका छन् । कवुलियती वनको विकास र प्रवर्द्धनद्वारा वनको हैसियतमा सुधार ल्याउदै उपभोक्ताका वन पैदावार लगायतका अन्य आवश्यकताहरु समेत आपूर्ती गर्न सकिन्छ । विगतमा हस्तान्तरण भएका कतिपय कवुलियती वन उपभोक्ताहरु हाल निस्क्रिय अवस्थामा रहेका छन् । अतः त्यस्ता कवुलियती वन उपभोक्ताहरुलाई सक्रिय बनाउदै वन को व्ययवस्थापनमा उनीहरुलाई परिचालन गर्नु आजको आवश्यक्ता रहेको छ । यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट कवुलिती वनको कार्ययोजना नवीकरण, स्वीकृत कार्ययोजना कार्यान्वयन, आयमूलक कार्यक्रमको लागि क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

- यस कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, कवुलियती वन उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छ ।

### अपेक्षित उपलब्धि

- निष्क्रीय रुपमा रहेका कवुलियती वन उपभोक्ता समुहहरु वन व्यवस्थापनमा सक्रीय हुनेछन् ।
- स्वीकृत कवुलियती वन कार्ययोजनाहरुको सहभागितामूलक रुपमा कार्यान्वयनमा जानेछन् ।

**१.१५ झापा, सुनसरी, सप्तरी, मोरङ, उदयपुरमा मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटनरी डाक्टर सहितको स.व.र. टोलि परिचालन तथा व्यवस्थापन कार्यक्रम**

नेपालको पूर्वी क्षेत्र विषेश गरी झापा, मोरङ, सुनसरी, सप्तरी तथा उदयपुर जिल्लाका वन तथा आसापासका वसोबास क्षेत्र हुँदै भारतबाट हात्तीका बथानहरु आवत जावत गर्ने गर्दछन्। यी क्षेत्रहरु हात्तीको नियमित ओहोर दोहोर गर्ने migratory route हुन्। यस्ता क्षेत्रहरुमा समय समयमा हात्तीबाट जन धनको क्षति हुदै आएका छन्। अतः यस्ता विषेश सम्बेदनशील क्षेत्रहरुमा मानव वन्यजन्तु द्वन्द नियन्त्रण गर्नका लागि यसं कार्यक्रम आगामी आ.व.मा सञ्चालन गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट उद्दार कार्य गर्न, उद्दारसँग सम्बन्धित औषधि सामाग्रीहरुमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, संरक्षण साझेदारहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।
- हात्ती नियन्त्रणका लागि वन तथा वातावरण हेर्ने सम्बन्धित प्रदेश मन्त्रालय वन निर्देशनालयले स.व.र भेटनरी डाक्टर सहितको टोलि निर्माण गरिनेछ र आवश्यकता अनुसार उक्त टोलिलाई द्वन्द नियन्त्रण, व्यवस्थापन तथा उद्दारका लागि खटाइनेछ ।

**अपेक्षित उपलब्धि**

- यस कार्यक्रमबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा टेवा पुग्ने छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

२. जडीवुटी विकास कार्यक्रम

महत्वपूर्ण जडीबुटी स्रोतहरुको दिगो संरक्षण र विकासका लागि परम्परादेखि यसको संकलनवाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनका अवसरवाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्याउने सोचका साथ जडीवुटी विकास कार्यक्रम आ.व. २०६६/६७ देखि सञ्चालनमा रहेको छ । हाल ५६ वटा जिल्लाहरुमा यो कार्यक्रम सञ्चालनमा छ । यो कार्यक्रम विशेष रुपमा जडीवुटीको बाहुल्यता रहेको कर्णाली तथा सुदूर पश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा केन्द्रित रहेको छ र सामान्य रुपमा जडीबुटी पाइने अन्य जिल्लामा समेत सञ्चालित छ ।

२.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरु संरक्षण तथा व्यवस्थापन

विभिन्न क्षेत्रको प्राकृतिक रुपमा सामुदायिक तथा कवुलियती वन, निजी तथा सार्वजनिक जग्गाहरुमा रहेका जडीबुटीहरु संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको तय गरिएको छ ।प्राकृतिक रुपमा वना तथा सार्वजनिक स्थानमा रहेका जडीवुटी संरक्षण गर्नुका साथै जडिबुटी उत्पादन तथा खेति विस्तार समेत गर्न सकिनेछ ।यसको साथै देहायको विषयहरु समेतलाई ध्यान दिइ कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

क. प्राकृतिक रुपमा रहेका जडीबुटीहरुको संरक्षण गर्नुपर्ने ।

ख. व्यवसायिक रुपमा लाभ हुने स्थानीय हावापानि सुहाउने प्रजाति छनौट समेत गरी संरक्षण गर्न सकने ।

ग. भण्डारण स्थापनाका लागि समूह तथा सहकारीको लागत सहभागितामा स्थापना गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव-डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अपेक्षित उपलब्धि

- प्राकृतिक रुपमा रहेका जडीबुटीहरु संरक्षण तथा व्यवस्थापन भएको हुनेछ ।

## २.२ जडीबुटी बिरुवा उत्पादन तथ खेती विस्तार (टिमुर खेति विस्तार तथा प्रवर्द्धन, जाजरकोट समेत)

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, वैकल्पिक आयस्रोतको रुपमा विकास गर्न जडीबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ र जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुर्याउने उद्देश्यबाट यो क्रियाकलाप सञ्चालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, कवुलियती वन, संरक्षित वन, साझेदारी वन आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

जडीबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुची अनुसारको प्रजातिहरुको सर्भेक्षण गरी सो को सूची बनाई उत्पादन गर्नुपर्नेछ । नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यवसायिक महत्वपूर्ण जडीबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी बिरुवा उत्पादन गर्नुपर्छ ।

जडीबुटी विकास कार्यक्रमको हकमा फोकल टीमले छनौट गरेको जडीवुटी प्रजातिको बिरुवा उत्पादन गार्नुपर्नेछ । जडीबुटीको खेतीको लागि बिशेष क्षेत्र छनौट गरी उक्त क्षेत्रमा वृक्षारोपणको लागि बहुमूल्य र ठाउँ बिशेष जडीबुटी जस्तै टिमुर, जैतुन, तेजपात, अमला, घिऊकुमारी आदि जातका बिरुवा उत्पादनमा जोड दिनुपर्नेछ, साथै यसप्रकारका बिरुवाहरु उत्पादन गर्नुपर्नेछ सम्भावना नदेखिएमा रुख प्रजातिका गैरकाष्ठ वन पैदावार जस्तैः लप्सी, ओखर, लौठसल्ला आदि जस्ता बिरुवाहरु अन्यत्र नर्सरीबाट खरिद गर्नुपर्नेछ । जडीबुटी प्रजाति उत्पादन गर्दा बिशेष किसिमको तालिमको आवश्यकता पर्ने भएमा सोको समेत व्यवस्था मिलाउनुपर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल राजपत्र खण्ड ६४, संख्या ११, भाग ५ मिति २०७१/०३/३० मा प्रकाशित सूचनामा उल्लेखित प्रजातिहरु उत्पादन गरी गरिबी न्यूनीकरण, सामुदायिक वन उपभोक्ता समूहलाई निशुल्क र अन्यको हकमा वितरण गर्नुपरेमा उक्त राजपत्र बमोजिमको मूल्य लिई मात्र वितरण गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- जडिबुटी बिरुवा उत्पादनका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सब-डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

अपेक्षित उपलब्धि

- विभिन्न क्षेत्रको जग्गामा जडीबुटी खेती विस्तार भएको हुनेछ साथै, जाजरकोटमा टिमुर खेति विस्तार तथा प्रवर्द्धन भएको हुनेछ । ।

## २.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार

एउटा क्षेत्रमा एउटै प्रजातीको जडीबुटी धेरै मात्रामा उत्पादन गरी जडीबुटि विकास तथा खेती बिस्तारमा उद्यमी, किसान तथा समुह तथा विदेशबाट फर्किएका युवालाई प्रोत्साहित गर्न र उत्पादित जडीबुटिको सहज बिक्री वितरण गर्न यो कार्यक्रम परिलक्षित छ ।

क. फोकल टिमले तोकिएको प्रजातिको पकेट क्षेत्र पहिचान गर्नुपर्नेछ ।

ख. छानिएका पकेटक्षेत्रमा खेती विस्तार गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका स्थानीय तहमा ३० दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

ग. इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह, वा किसानले प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालय मा प्रस्ताव पेस गर्नुपर्नेछ ।

घ. प्रस्ताव छनौटको मापदण्ड तयार गरी फोकल टिमले बढिमा १० वटा सम्म उत्कृष्ठ प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालय लाई सिफारिस गर्नुपर्नेछ । मापदण्ड तयार गर्दा व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

ङ. फोकल टिमको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेति विस्तारका लागि सम्झौता गर्नुपर्नेछ ।

च. कार्य सञ्चालन गर्न प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात बाँकि ३० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।

छ. कार्य सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी वा सामुदायिक वन उपभोक्ता समूहको हकमा उपभोक्ता समेतको) पश्चात कार्यस्थलको अवस्थिति (जि.पि.एस्) सुचक सहितका अन्य उपलब्धि/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

ज. प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनपर्ने कुराहरु,

- जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS Waypoints
- वृक्षारोपण गरिएका बिरुवा संख्या र प्रजाति

झ. अनुगमन, निरीक्षण प्रतिवेदनमा फोकल टिमका कम्तीमा २ जना सदस्यको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्नेछ ।

ञ. वृक्षारोपण गरिएको ठाऊँमा माथी उल्लेखित विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।

ट. यो कार्यक्रमको डिभिजन कार्यालयले जडिबुटि उत्पादन नहुँदासम्म नियमित अनुगमन गरी पृष्ठपोषण दिनुका साथै प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागमा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

- देशको विभिन्न क्षेत्रमा जडीबुटीको खेति विस्तार भएको हुने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

### २.४ रबर खेती प्रवर्द्धन तथा विकास झापा र मोरङ

कोशी प्रदेशको झापा र मोरङ जिल्ला रबर खेतीकोलागि सम्भाव्य भएको क्षेत्र हो । निजी, सरकारी तथा सार्वजनिक जग्गाहरुमा रबर खतीको प्रवर्द्धन तथा विकास गर्दै स्वदेशी रबर उत्पादनमा टेवा पुर्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ ।कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी G.P.S सहितको नक्साङन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट रबर बिरुवा उत्पादन,खरिद, वृक्षारोपण, वृक्षारोपण संरक्षण लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

- भूमीको सरंक्षणका साथै रबर खेती प्रवर्द्धन तथा विस्तार हुनेछ ।
- स्थानीय स्तरमा रोजगारीको अवसरहरु श्रृजना हुनेछ ।

### २.५ चिउरी-चमेरो-चेपाङ्ग संरक्षण, प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रम

चिउरी चमेरो र चेपाङ्ग बीच निकट सम्बन्ध रहेको छ । गोरखा, धादिङ, मकवानपुर, चितवनको चुरे तथा महाभारत क्षेत्र बसोबास गर्ने चेपाङ्ग समुदायको र चिउर बीच सामाजिक तथा सांस्कतिक, धार्मिक र आर्थिक सम्बन्ध रहेको रहेको छ । चिउरी प्रजातिको फल चमेरोको लागि उपयुक्त आहारा हुनाले चिउरी प्राजतिको संरक्षणबाट चमेरा, मौरी लगायतका जिवहरु संरक्षण भएर पर्यावरणीय सन्तुलन कायम राख्दै स्थानीय चेपाङ्ग समुदायको आयआर्जन तथा जीविकोपर्जनमा समेत सकारात्मक टेवा पुर्याउन सकिन्छ ।यस कार्यक्रममा विनियोजित बजेट चिउरी प्राजतिको संरक्षण, व्यवस्थापन, चिउरीसँग सम्बन्धित चेपाङ्ग समुदायको परम्परागत ज्ञान सीप संरक्षण र सो सँग सम्बन्धित आयआर्जनमा टेवा पुर्याउने क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ । यस साथै चिउरीलाई कच्चा पदार्थको रुपमा प्रयोग गरेर चेपाङ्ग समुदायले गर्ने उद्यम विकास, क्षमता विकासमा समेत खर्च गर्न सकिने छ ।

ज़नशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । यसका साथै उद्यम विकास तथा क्षमता विकास कार्यका लागि नियमानुसार विज्ञ सेवा मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- चिउरीको संरक्षण तथा व्यवस्थापन हुने र चेपाङ्ग समुदायको जीविकोपार्जनमा सकारात्मक टेवा पुर्याउने

## २.६ दाँते ओखर वृक्षारोपण तथा व्यवस्थापन कार्यक्रम

गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका र मालिका गाउँपालिकामा दाँते ओखरको वृक्षारोपण तथा सो को व्यवस्थापनका लागि यस कार्यक्रम तय गरिएको छ।कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी G.P.S सहितको नक्साङन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट दाँते ओखरको वृक्षारोपण र सो को संरक्षण लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-भू-सरक्षण विभाग, वनस्पति विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

अपेक्षित उपलब्धि

- भूमीको सरंक्षण हुनका साथै दाँते ओखरको प्रवर्द्धन तथा विस्तार हुनेछ ।
- स्थानीय स्तरमा राजगारीको अवसरहरु श्रृजना हुनेछ ।

## २.७ टिमुर खेती विस्तार तथा प्रवर्द्धन, जाजरकोट

कोशी प्रदेशको जाजरकोट जिल्ला टिमुर खेतीको लागि सम्भाव्य भएको क्षेत्र हो । निजी, सरकारी तथा सार्वजनिक जग्गाहरुमा टिमुर खतीको प्रवर्द्धन तथा विकास गर्दै स्थानीय अर्थतन्त्र तथा रोजगारीमा टेवा पुर्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ ।कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी G.P.S सहितको नक्साङन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट टिमुरको बिरुवा उत्पादन,

खरिद, खेती विस्तार, वृक्षारोपण, वृक्षारोपण संरक्षण लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तथा सव-डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भू-सरक्षण विभाग, वनस्पति विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**अपेक्षित उपलब्धि**

- टिमुर खेती प्रवर्द्धन तथा विस्तार हुदै भू-भू-संरक्षणमा टेवा पुर्याउने ।
- स्थानीय स्तरमा रोजगारीको अवसरहरु श्रृजना हुने र कच्चा पदार्थको रुपमा टिमुरको आपूर्तीमा वृद्धि हुने ।

**२.८ अगरउड खेती डेमो प्लट तथा वृक्षारोपण**

अगरउड छिटो बढ्ने र बहु उपयोगी रुख प्राजति हो । अति सुगन्धित तथा विशिष्ट किसिमको वास्ना भएको यस प्रजातिको औषधिजन्य गुण भएको हुँदा यसको व्यवसायीकरण गर्न सकिएमा राष्ट्रिय अर्थतन्त्र तथा स्थानीय रोजगारीमा उल्लेखनीय टेपा पुर्याउन सकिनेछ ।अद्यपी हालको विद्यमान अवस्थामा यस यसको खेती व्यवसायीक खेती मार्फत लाभ लिन सकिएको छैन । तर्सथ अगरउडको खेती डेमोबाट यसको लाभ र लगानीको विश्लेषण तथा अन्य निजी कृषकहरुलाई समेत यस खेती तर्फ उत्प्रेरित गर्नका लागि यस कार्यक्रम तय गरिएको छ ।कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको सरकारी, सार्वजनिक तथा निजी मध्येको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी GPS सहितको नक्साङ्कन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट अगरउडको बिरुवा उत्पादन, खरिद, खेती विस्तार, वृक्षारोपण, वृक्षारोपण संरक्षण, अगरउड इनाकुलेशन लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

- वन तथा भू-सरक्षण विभाग, वनस्पति विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकता अनुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

अपेक्षित उपलब्धि

- एक वटा स्थानमा अगरउड खेतीको डेमो प्लट स्थापना भई अगरउड खेती सम्बन्धी सिकाई भएको हुने ।
- स्थानीय स्तरमा रोजगारीको अवसरहरु श्रृजना हुने र अगरउडको खेती विस्तार हुने ।

## ३. जलाधार व्यवस्थापन कार्यक्रम

### ३.१ ताल तलैया, रनअफ हार्भेष्टिङ ड्याम निर्माण

यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको कार्यक्रम सञ्चालन गर्न उपयुक्त स्थान पहिचान गरी स्थानीय समुदायको सहभागितामा स्वीकृत लागत अनुमान अनुसार कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि साविक भू तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा पहाडी भिरालो क्षेत्र तथा चुरे क्षेत्रलाई प्राथमिकता दिएर कार्यान्वयन गर्नुपर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेस गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु, समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्यान्वयन गर्नुपर्दछ ।
- स्थानीय तहको लागत साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- सेवा प्रदायकवाट समेत कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- पानी श्रोतको रिचार्ज, गुणस्तर र मात्रा बृद्धि भएको हुने र बाढी पहिरोको जोखिम कम भएको हुने ।

## ३.२. गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण

यो कार्यक्रम भूतथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको जोखिमपूर्ण स्थान पहिचान गरी कार्यक्रम सञ्चालन (जोखिम आँकलन, नक्सा तयारी, ल.ई. तयार, कार्यान्वयनं आदि) गर्न सक्ने छ । यसको लागि साविक भू(तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधी र भू(क्षय एवं पहिरो नियन्त्रण सम्बन्धी गाईड लाईन वा सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रग कार्यान्वयन गर्नु पर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेस गर्नुपर्नेछ । यो कार्यक्रम सञ्चालन गर्दा साविको भू-संरक्षण विभागबाट प्रकाशित पहिरो व्यवस्थापन सम्बन्धी guidelines लाई समेत ध्यानमा राखी गल्छि पहिरो नियन्त्रण तथा फलफूल सहितको वायोइन्जिनियरिङको क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु, समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्यान्वयन गर्नु पर्दछ ।
- स्थानीय तहको लागत साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- सेवा प्रदायकवाट समेत कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- भू-क्षय नियन्त्रणमा टेवा पुग्नेछ ।

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

४. शहरी हरित पार्क / वातावरण मैत्री पार्क निर्माण (वातावरण विभाग)

नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ अन्तर्गत सञ्चालन गरिने यो कार्यक्रमले विभिन्न क्षेत्रमा हरियाली वृद्धी गर्ने, प्रदुषण कम गर्न सहयोगी भुमिका खेल्ने, खुला स्थानको उपलब्धता सुनिश्चित गराउने तथा जैविक विविधताको संरक्षण हुने लक्ष लिईएको छ । यस्ता स्थानहरु दैनिक जीवनमा **Recreational space** तथा विपद्को समयमा समेत पिडितको उद्दार तथा राहत वितरणमा समेत उपयोग गर्न सकिन्छ ।

हरित अर्थतन्त्र निर्माणमा हरित उद्यान **(Green City Park)** को निर्माण, व्यवस्थापन तथा संरक्षणले ठूलो भूमिका खेल्ने देखिन्छ । शहरी क्षेत्रभित्रका सडक किनारा, नदी किनारा तथा धार्मिक स्थलहरुमा वृक्षारोपण, सम्वर्द्धन र व्यवस्थापनका सथै शहरी सार्वजनिक तथा अन्य आवश्यक स्थानमा उद्यान विकास तथा व्यवस्थापन गरी हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा प्रदूषण न्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले यो कार्यक्रम तर्जुमा गरिएको हो । यस कार्यक्रम अन्तरगत देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

क. उद्यान निर्माणका लागि देहायका कार्यहरु समावेश गर्न सकिनेछः-

I. Civil works
II. Sanitary works
III. Electrical works
IV. Plantation works
V. Landscaping works
VI. Awareness works

a. Only necessary works need to be included as per the condition of sites and location.
b. Drawing, Design, Specification, Rate analysis and Estimate of above works are compulsory.

1. Civil work
    a. Site Clearance
    b. Earthworks
    c. Soling works
    d. Concrete works
    e. Brick works
    f. Stone works
    g. Iron works
    h. Flooring works
    i. Roofing works
    j. Doors and Windows works
    k. Plaster works

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

   l. Painting works
   m. Dismantling works
   n. Aluminum and Prefab works
   o. Other necessary Civil work
2. Sanitary Works
   a. Drainage works
   b. Water supply works
   c. Toilet and Bathroom works
   d. Water Tank (Underground, Elevated etc.)
   e. Septic Tank and Soak pit
   f. Pipes and Fitting Works
   g. Other necessary works
3. Electricity Works
   a. Wiring, Lighting, Electric poles, Lamp post, MCB, DB Board, Networking, Telephone and others necessary electrical items.
4. Landscaping Works
   a. Aesthetic works to make park more attractive and harmonious with the environment.
5. Plantation Works
   a. Dubos plantation
   b. Turfing
   c. Flower plantation
   d. Bushes and Shrubs plantation
   e. Trees plantation
6. Awareness Works
   a. Hoarding Boards
   b. Digital Display
   c. Dustbin
   d. Other Information Boards

ख. वृक्षारोपण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरणका लागि देहायका कार्यहरु समेट्न सकिनेछः-

- यस कार्यका लागि माथि उद्यान निर्माणका लागि उल्लेख भएका कार्यहरु मध्ये आवश्यक कार्यहरु र त्यसको Drawing, Design, Specification, Rate analysis र Estimate अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।
- सडक, नदी किनारा जस्ता Linear रुपमा गरिने वृक्षारोपणका लागि right of way स्पष्ट हुनुपर्नेछ ।

- खण्ड (ख) बमोजिम गरिने वृक्षारोपणको लागत अनुमान तयार गर्दा Tree Guard को Drawing, Design, Specification, Rate analysis र Estimate समेत समावेश गरेको हुनुपर्नेछ ।

ग. कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको गवसा, फोटोग्राफहरु, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेस गर्नुपर्नेछ ।

घ. यो कार्यक्रम सञ्चालन गर्दा इन्जिनियरिङ संरचना भन्दा हरित संरचनालाई प्राथमिकता दिई क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

- प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय वा डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारी वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरु, समूह/समितिबाट कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- सेवा प्रदायकबाट समेत कार्य सञ्चालन गर्न सकिनेछ ।

स्थानीय तहको लागत साझेदारी

स्थानीय तहहरुले समेत यसमा साझेदारको रुपमा कार्य गर्न सक्नेछन् । साझेदारी युक्त प्रस्तावलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यसको लागि देहायको व्यहोरा खुलाइ प्रस्ताव पेस गर्नु पर्नेछ । लागत साझेदारिमा कार्यक्रम सञ्चालन गर्न चाहने स्थानीय तहले देहाय बमोजिमको लागत समझेदारी सहितको अवधारणा पत्र (बढीमा ५ पृष्ठको) पेस गर्नु पर्नेछ ।

(क) कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ग) उद्देश्यः

(घ) लक्षित समुदायः

(ङ) क्रियाकलापः

(च) कार्यक्रम अवधिः

(छ) वातावरण संरक्षणमा यसले पार्ने प्रभावः

(ज) अनुमानित कूल लागतः

नेपाल सरकार
तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) स्थानीय तहको हिस्साः

(२) अन्य साझेदारको हिस्साः

(३) यस कार्यक्रमबाट प्रदान गर्ने सहयोगको हिस्सा (माग)

अपेक्षित उपलब्धि

- हरित पार्क स्थापना तथा व्यवस्थापन भएको हुने ।

समाप्त ।